अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०७।१८ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत उच्च पदस्थ कर्मचारीहरूले सेवा प्रवेश गर्दा र बढुवाको लागि पेस गरेको शैक्षिक प्रमाणपत्र नक्कली रहेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत प्रमुख अनुसन्धान अधिकृत हिराबाबु भट्टराई भन्ने हिरा बाबु भट्टराईले बिहार इन्टरमिडिएट एजुकेशन काउन्सिल, पटना, भारतबाट प्राप्त प्रविणता प्रमाणपत्र तहको शैक्षिक योग्यताको प्रमाणपत्र राष्ट्रिय अनुसन्धान विभागमा मिति २०५५।०१।०८ मा पेस गरेको र सोही शैक्षिक योग्यतालाई आधारमानी मिति २०५६।०२।१० मा सहायक निरीक्षक, मिति २०६४।०३।३२ मा वरिष्ठ अनुसन्धान सहायक, मिति २०७१।१०।०५ मा अनुसन्धान अधिकृत तथा मिति २०७५।११।१३ मा प्रमुख अनुसन्धान अधिकृत पदमा बढुवा हुँदा शैक्षिक योग्यताबापतको अङ्क प्राप्त गरेको देखिएको तथा उक्त प्रमाणपत्रको सम्बन्धमा प्रमाणपत्र जारी गर्ने निकायबाट प्राप्त प्रमाणीकरण बेहोरामा उम्मेदवारको नाम र कुल प्राप्ताङ्क अभिलेखसँग नमिलेको भनी उल्लेख भई आएको देखिँदा निजले नक्कली/झुट्टा शैक्षिक प्रमाणपत्र पेस गरी उल्लिखित मितिहरूमा विभिन्न पदमा बढुवा भई उक्त पद, ओहदा तथा सेवा सुविधासमेत प्राप्त गरेको देखिएकोले निजको उक्त कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निज हिराबाबु भट्टराई भन्ने हिरा बाबु भट्टराईलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने